ネパール語：ゆうちょ銀行とお取引をされる外国人のお客さまへ

युच्यो बैंकसँग कारोबार गर्नुहुने सम्पूर्ण विदेशी नागरिकहरूको लागि

■ खाता खोल्दा र ठेगाना, नाम वा स्ट्याम्प (इन्कान) परिवर्तन भएको बेला रेसिडेन्स कार्ड पेस गर्नुहुन अनुरोध गर्दछौं।

राष्ट्रियता, बसोबास योग्यता, बसोबास अवधि आदि निश्चय गर्नको लागि रेसिडेन्स कार्ड पेस गर्नुहुन अनुरोध गर्दछौं।

* रेसिडेन्स कार्ड नवीकरण गरेको खण्डमा, प्रक्रिया गर्दा बैंकलाई सूचित गराउनुहोस्।
* कूटनीतिज्ञ जस्ता रेसिडेन्स कार्ड जारी नगरिएको व्यक्तिले पेस गर्नु पर्दैन।

■ खाता खोल्नको लागि आवेदन दिने मिति पछिको 3 महिना भित्र बसोबास अवधि पूरा हुने खण्डमा, बसोबास अवधि नवीकरणको प्रक्रिया पूरा भए पछि आवेदन दिनुहोस्।

खाता खोल्नको लागि आवेदन दिने मिति पछिको 3 महिना भित्र बसोबास अवधि पूरा हुने खण्डमा, खाता खोल्न सकिनेछैन।

निरन्तर जापानमा बसोबास गरिरहने योजना भएका ग्राहक महानुभावहरूले बसोबास अवधि नवीकरणको प्रक्रिया पछि बसोबास अवधि नवीकरण गरिएको नयाँ रेसिडेन्स कार्ड लिएर आई खाता खोल्नको लागि आवेदन दिनुहोस्।

* जापान प्रवेश गर्दा निर्धारण गरिएको बसोबास अवधि 3 महिना वा सोभन्दा कम भई, रेसिडेन्स कार्ड जारी नगरिएका व्यक्तिहरूको लागि युच्यो बैंक र जापान पोस्टमा खाता खोल्न सकिनेछैन।
* बसोबास योग्यता र बसोबास अवधि नवीकरणको प्रक्रिया गरिरहेको व्यक्तिले नवीकरण पछिको नयाँ रेसिडेन्स कार्ड लिएर आउनुहोस्।

■ विद्यार्थी परिचयपत्र (विद्यार्थी कार्ड), कर्मचारी परिचयपत्र (कर्मचारी कार्ड) आदि पेस गर्नुहुन अनुरोध गर्दछौं।

बसोबास योग्यता "विदेशी विद्यार्थी" र "प्राविधिक प्रशिक्षार्थी" भएको व्यक्तिले खाता खोल्दा अध्ययनरत रहेको तथ्य, कामको वास्तविक स्थिति आदि निश्चय गर्नको लागि रेसिडेन्स कार्डका साथै विद्यार्थी परिचयपत्र (विद्यार्थी कार्ड) वा कर्मचारी परिचयपत्र (कर्मचारी कार्ड) आदि पनि पेस गर्नुहुन अनुरोध गर्दछौं।

* अध्ययनरत विद्यालय र काम गरिरहेको कार्यस्थलमा आबद्ध भएको कुरा निश्चय गर्नको लागि सम्पर्क गरिने अवस्थाहरू पनि हुन सक्छन्।

■ खाता खोल्न समय लाग्ने अवस्थाहरू पनि हुन सक्छन्।

विदेशी नागरिकले खाता खोल्नको लागि आवेदन दिएको बेला, सम्बन्धित नियमकानुन आदि बमोजिम विभिन्न प्रकारका कुराहरू निश्चय गर्न समय लाग्ने हुनाले, आवेदन दिइएको सोही दिन खाता खोल्न नसकी, केही दिन पछि ग्राहकको घरमा पासबुक पठाइने अवस्थाहरू पनि हुन सक्छन्। साथै अवस्था अनुसार खाता खोल्न नसकिने अवस्थाहरू पनि हुने हुनाले, उक्त बेहोराबारे अग्रिम जानकारी गराउन चाहन्छौं।

■ अन्य ध्यान दिनुपर्ने कुराहरू

- **रेसिडेन्स कार्ड नवीकरण गरिएको खण्डमा, शीघ्र नवीकरण पछिको कार्ड लिएर काउन्टरमा आई हामीलाई सूचित गराउनुहोस्। हामीलाई सूचित नगराइएको खण्डमा, अस्थायी रूपमा कारोबार सीमित गरिने अवस्थाहरू पनि हुन सक्छन्।**
- पेस गरिएका प्रमाणपत्रहरूको प्रतिलिपि बनाइनेछ।
- गैर आवासीय (ठेगाना नभएको) भनेर सूचित गरेको व्यक्तिले, गैर आवासीयबाट आवासीयमा परिवर्तन भएको खण्डमा, शीघ्र काउन्टरमा आई हामीलाई सूचित गराउनुहोस्।
- **आफ्नो देशमा फर्कने जस्ता जापान बाहिरको ठाउँमा बसाइ सर्ने खण्डमा, खाता रद्द (बन्द गर्ने) प्रक्रिया गर्नुहोस्।**
- **तेस्रो पक्षलाई प्रयोग गर्न दिने उद्देश्यले खाता (पासबुक, क्यास कार्ड) को हस्तान्तरण, खरिद वा बिक्री अपराध हो। कदापि यस्ता कुराहरू नगर्नुहोस्।**